I accepted her offer and went to her house as there was no alternative. She offered me a cup of coffee and asked my name. I told her everything about me. She also told me a lot about her though we had met for a while only, I felt as if we had known each other for years. We talked for a long time. By the time it stopped raining and was getting dark. She asked me to come to her house again the next evening. I bade her good bye and went along my way home. My happiness knew no bounds. When I reached home, Namgyal was waiting for me. I lay on the bed and started to recollect the incident. She was so cute that her beauty cannot be expressed in more words. I could not believe myself that such a cute unknown and unseen girl talked to me as though we are quite friendly. Was I not D-R-E-A-M-I-N-G..... ? I narrated the entire things to my friends who were astonished to hear my story. They agreed that ofcourse there was a bungalow but did not believe that any body lived there since that had been lying vacant for more than a couple of years. They further told me that no one prefers to live in that haunted bungalow. When I heard the word "HAUNTED", I became more anxious and asked them why people did not live there. They told me that a spirit lived there and didnot allow anybody inside the premises. Hearing this, I laughed and laughed because I thought that my friends believed in such superstition. Being a student of science, I did not believe them.

The next evening I left home for the bungalow. She was also eagerly waiting for me. She offered me a seat and I handed over the torch that I had taken the previous night. That day, she was completely dressed in white which added to her beauty and she looked like an angel with the same love and kindness in her heart. She requested me to go for a stroll with her and finally we came to the riverside.

The chirping of the mountain birds and the singing of the larks gave the feeling of strange solitude. The white foams over-running the tiny waves were the very specks of the residual summer. The river had already started to rise. The mountains among the blue forests and roofed by the dark flecks of clouds seemed to welcome a rainfall. Both of us sat down on the huge rocks and talked a great deal and the more we talked, the more we became close to each other. Whenever she felt sad or happy, she told me she went there and sat on the very rock for hours consuming every moment Lost in the next world of happiness and realm of love where dreams never become nightmares, we remained there for a long time. Suddenly we were startled by the loud thundering. The sky was over cast with dark clouds. We hurried our way home as fast as our feet could carry us. No sooner had we reached her bungalow than it started raining. The heavy rain was associated with loud thundering and bright lightning. It was almost dark. There was no one in the bungalow. I asked her about her parents but she avoided my question. Saying that they had been to a party and would be back at night. She was frank and good to me. I

felt sure that she must have loved my company too.

Unfortunately, there was no electricity that evening and so she lit a candle and placed it on the table in front of me. Then she came and sat beside me. It was a gloomy night and not a single soul roamed about. The barking of the dogs and the howling of the foxes and jackals could be heard from a distance. I tried to leave her and go home but she insisted on my staying there till her parents came and I had to stay there with her. She held my hands so tightly as if something strange was going to happen. All of a sudden, there came a flash of bright lightning accompanied by a loud report of thunder. At that very moment, the flickering candle light went off and there prevailed an atmosphere of complete darknesss. It became so dark that the visibility was totally nil. At that moment, she screamed loudly and hugged me tightly in her arms. Unwillingly, as I embraced her my right hand plunged into a hollow space at the back of her. I had heard a lot from many people that a girl with such a hollow space at the back is not a normal girl but a spirit. To make sure whether she was a spirit or not, I inserted my hands still deeper. The more I inserted my hands the more it plunged inside the hollow space. I was totally convinced that she was a spirit or a ghost !!

I was scared to death. I made a great effort to utter a word but my throat was choking with fright. My heart came to my mouth. My hairs were standing out with a deadly chill down the spine. I gathered some courage and made a great effort to run away but I was immobile and helpless. I could not move even an inch for my feet appeared folded and tied together. I felt as if I had been plunged into the world of terror and death from the realm of love and happiness. I became so terrified that I was gradually losing my conciousness. I found my self slowly falling down to the floor. The very girl tried to wake me up by shaking my body.

When I realized and opened my terror stricken eyes, I found Namgyal shaking my body heavily and trying to wake me up for the dinner. As I tried to retreat my hands, to my astonishment, it slowly came out of the cover of my white pillow. He was suprised to see me shivering all over and completely drenched in sweat. THANK GOD !! It was indeed a horrible dream. ●

It is neither shameful nor harmful not to know. No man can know everything. It is shameful and harmful to pretend to know what you do not know.

– *Leo Tolstoy*



PARTY JOKES, HUMOURS, ETC.

1. Man : Our dog never eats meat.
   Butcher : Really ? How's that ?
   Man : We don't give him any.
2. The man next door robbed a bank. Back home at night his wife found him sleeping under the bed.
   She said, 'What are you doing down there ?
   He said, 'Keep your voice down ..... please. I'm lying low !'
3. Heard in a public bar
   'Each morning', sighed one man, 'my wife and the tea begin to boil at the same time'
4. The dentist said, 'What are you shouting and screaming for ?
   I have'nt even touched your tooth yet!
   My father said, 'Ofcourse not, but you're standing on my foot.
5. The teacher asked, his students, what do you know about the poets of the seventeenth century ?'
   The student replied, 'Sir ..... They are all dead'.
6. I said to my uncle, 'Do you know, your clock has just struck thirteen ? What time is that ?'
   My uncle said, 'Time I had the damn thing mended.'
7. There was a little boy in school, who said to his teacher, sir, I eated seven potato chops today'.
   The teacher tried to correct him, 'Ate Rajesh, ate !'
   Rajesh said, 'Yes, It might have been eight sir. But I eated a lot.
8. My dad and mum were going to go abroad this year, but they could not afford it. Our neighbour was concerned and said, 'Are you sure you can't afford to go to Paris this year ?'
   My mum promptly replied, 'Goodness me, no we can't afford to go to London this year and it was last year we could'nt afford to go to Paris.



The Great Chengiz Khan

❑ *P. T. Bhutia*

Out of the sands of the Gobi,
To scourge and punish the ungodly,
Came he, to topple sceptres and crown,
The Khan, the great Chengiz khan.

He knew not the pleasures of the court,
His home, the simple Mongol yurt,
Yet made an empire, a land so barren,
The Khan, the Great Chengiz Khan.

Nature hath turned her eyes from the land,
To make it cold and full of sand,
Horse and Camel his only companion,
The Khan, the Great Chengiz Khan.

Sandy storms did not deter him,
Nor the whims of his tribesmen
When he sought to unite tribes a dozen.
The Khan, The Great Chengiz Khan.

●

Laugh Once again !

"Be sure, the operation will be successful. After all my career depends on it. It is my first operation."

"निश्चिन्त रहनु होस, अपरेशन एकदम सफल हुन्छ। अरे, मेरो क्यारियर नै यस्मा निर्भर गर्छ। यो मेरो प्रथम् अपरेशन हो।"

The Most Rt Rev Anand Chandu.all, Moderator C. N. I.
is being offered traditional Khata by the Principal Shri N R. Pradhan
"BROTHERS IN HIM"

"SING HALLELUJAH TO THE LORD"
Some indelibly remember those hymns, Some struggling to catch those years.

Scouts Activity Report 1994

❑ *Samuel Pradhan*
Scout master
B.Sc. Hons, B.Ed.

Scouting and Guiding is a kind of training given to young boys and girls to inculcate in them the spirit of brotherhood, reverence to god, sense of honour and willingness to serve the community. Scouting senior boys encourage Junior boys to take part in healthy activities which will help them to develop certain virtues like respect for the rights of others, leadership, discipline, sense of responsibility, self-confidence, self-respect, devotion and loyalty to ones country. According to the founder of scouting and Guides movement Lord Baden-Powell of Gilwell "The aim of the scout training is to improve the standard of our future citizenship, especially in character and health."

With this spirit of scouting our school is actively helping run the movement in Kalimpong and nearby areas. In our school there are two troops, viz school troop and Hostel troop. The scouting activities are constantly organised in our school since the beginning of this academic year. The following activities were undertaken throughout the year:

1. Scouts and Guides Quiz Compt. :

Kalimpong Dist. Association organised a quiz competition. The competition was sponsored by the United Bank of India, and was held on the 7th May, 1994. Six Scouts from our school participated in this contest, in two teams comprising of three scouts.

2. Afforestation Programme :

our scouts took part in afforestation programme which was held in the third week of June. They planted more than hundred useful sapings around the school campus.

3. Independence Day Parade :

Many of our scouts and cubs participated in the Independence day parade in the Melaground.

4. Essay Competition :

Six Scouts, three each from school & hostel participated in essay competition organised by Kalimpong district Scouts Association. The competition was held on the 27th August 1994.

5. Sit and draw Competition for cubs & Bulbuls :

Kalimpong District Scouts Association organised sit and draw competition for cubs & Bulbuls on 27th Aug. '94. Six of our cubs Participated in the competition.

6. Annual Rally :

Our district fourth annual Rally was held on 1st oct. 94. Scouts & Cubs of our school participated in all the competition such as Marchpast, knotting, message relay, Cooking, Tent-pitching etc.

7. Camporee '94 at Ganga Nagar :

This year we had a great pleasure to attend state camporee at Ganga Nagar, Calcutta from 26th to 31st Dec. Ten scouts from our school along with four Scout Masters participated in the camporee. Our boys actively participated in all the cultural items along with the boys & girls of other schools of Kalimpong. All of them qualified theme selves for the camporee award activities by scoring more than 60 points.

8. Scout Master Training :

Our Principal N. R. Pradhan was kind enough to send two more teaching staff for Scout Master Training which was held in the month of September 1994 at, Snowview camp site Kurseong. The newly trained staff members are Sri R. D. Lepcha and Sri Ashok Prasad.



The Second Inter-school Quiz Contest '94

❑ BKB

The Second Inter-school Quiz contest '94, organised under the aegis of the Alumni Association SUMI, was the DECLAN AZZURRI HALL, St. Philomena's Girls Higher Secondary School. The preliminary rounds of the Contest were completed on 1st August '94. The Opening Ceremony was held at the courtyard of the School. We had Sister Francisca Brahmin, Provincial superior – Sister of St. Josheph's of Cluny as the Chief Guest of the opening day and Smt. S. Chauhan, a former student, speaking on the Occasion, highlighted the Significance of students participation in various co-curricular and extra-curricular activities. The Idea of the Inter School Quiz contest was the brainchild of our former Principal Sri P. R. Pradhan, who always insisted on interactions in the student community, which according to him, is essential in bringing about an alround development of the children. With this aim in view, the alumni Association decided to hold such Inter-school contests at least once a year.

The Second day contest saw the presence of Mr. O'Connor....., Principal Dr. Graham's Homes, Kalimpong, as the chief guest, who brought to light the pioneering role played by our school in arousing genuine interests in worthwhile past-times like debates, Quiz, group discussions, and the like.

The final was held on 6th August 1994. The hall was packed. Many ex-students, Govt. Officials, Heads of the Institutions, staff and students of Various schools had come to witness the show. Col. A. P. Rai, U.Y.S.M. former student of the Institution had graced the occasion as a Special Guest of Honour. Col. Rai's humorous speech evoked a roar of laughter from the audience, at the same time, his speech had a touch of enlightenment. Master of ceremony – Sri Sahid Ahmed, a senior member of the staff ably conducted the programme.

Sri Subha Pradhan, A member of the Staff and the man behind the show left no stones unturned to make the contest as invidious as the ones shown on the small screen. Quiz Master Sri Noshir Wadia con-

ducted the main contest with characteristic panache indulging in tete-a-tetes with the participant. Sri N. R. Pradhan the Principal was all the time very forthcoming and highly co-operative. In this connection, the role of Sri B. S. Simick in providing several sponsors for the contest must be acknowledge gratefully. The **St. Joseph's convent was declared winner of the contest.**

As usual the award giving ceremony of the P. R. PRADHAN MERIT AWARD was held on the final day. This year's awards for scoring highest percentage of marks at the Madhyamik Pariksha'94 were awarded to Nandita Sharma of Kalimpong Girls' High School among girls and to Arun Tamang of SUMI, Kalimpong among boys. The awards and medals were given away to the winners by Sr. M. Tarsius, Principal St. Joseph's Convent, Sr. Teresa Rai, Principal St. Philomena's, Sr. Declan Fahy and Smt. P. R. Pradhan.

The Second Inter-School Quiz contest '94 was concluded after a vote of thanks proposed by Sri Bhanu Baral a senior member of the staff. The closing ceremony was once again held at the courtyard of St. Philomena's and with a promise to meet again at the third Inter-School Quiz contest '95 The SUMI Alumni flag was lowered and handed over to Sri N. R. Pradhan, the Principal.

The SUMI Alumni Association and the Inter-School Committee, SUMI Kalimpong appreciate and acknowledge the co-operation and help from the following institutions, business establishments, sponsors and individuals for making the second Inter-School Quiz contest 1994 a great success.

INSTITUTIONS :

1. Principal, St. Augustine's School
2. Principal, St. Philomena's Girls' Higher Secondary School.
3. Principal, St. Joseph's Convent
4. Director, Rockvale Academy
5. All Participating Schools.
6. Tailoring Department, St. Philomena's

SPONSORS :

1. M/s Arun Kumar & sons
2. M/s Amar Electronics
3. M/s Dhanshiram Mangal Chand
4. M/s Delhi stores
5. M/s Darjeeling District Co-operative Bank (Kalimpong)
6. M/s Gupta Radio Service
7. M/s Ganeshilal Jagdish Prasad
8. Sri G. Yonzone, Park Hotel
9. M/s Himalayan Furnishers
10. M/s Jethmul Harnamdas
11. Sri J. B. Tamang, Jaigaon, North Bengal
12. M/s Kashinath Kaul & Sons.
13. Sri Lalit Marda (Marda Charity Trust)
14. M/s Mamchand Bros.
15. Sri Mohan Khanna
16. M/s Naseem Stores
17. M/s Omkar & Bros.
18. M/s. Ramkumar Sinhal

19. M/s Shyama Electronics
20. Sri Shivaji Singh (Rangpo)
21. M/s Student Emporium (Siliguri)
22. Sri Sonam Tamang (Nimbong)
23. Sri Tshering Wangda (Jaigaon, North Bengal)
24. M/s Upasak Bros.

INDIVIDUALS :

1. Sister Francisca Brahmin, Provincial Superior
2. Sister of St. Joseph's of Cluny.
3. Sister Declan Fahy, Sister Superior St. Philomena's
4. Sister Teresa Rai, Principal, St. Philomena's
5. Mr. O'Connor, Principal, Dr. Graham's Homes.
6. Sri Nirmal Chatterji, West Bengal State Electricity Board.
7. Sri B. S. Simick, Superintendent, and Hostel Boys, SUMI
8. Hostel Superintendent and Hostel Girls, Philomena's.

Teaching – A noble profession



After devoting better part of life to the service of humanity at SUMI as teacher Late Mr. K. D. Sombar slept peacefully in the Lord on 2nd March 1994.



सुमाईट १९९४ को

य स अं क मा

नेपाली खण्ड

सम्पादकद्वय :

श्री के० आर० थापा
रेभ० जे० कार्थक

१. विद्याको पगरी गुथौं ३९
२. लक्ष्मी प्रसाद देवकोटाज्यूको सम्झना ४०
३. कसरी भुल्न सक्छु ४२
४. मान्छे अनि पर्यावरण ४३
५. प्रेम एक परिभाषा ४५
६. तिमी को हौं ? ४६
७. मेरो यात्रा ग्वालियर ४७
८. " " बंगलोर ४९
९. " " नेपाल ५०
१०. " " कलकत्ता ५२
११. मेरो पत्र तपाईंअघि ५४
१२. वास्तविक जीवनको अनुभव ५५
१३. तिमी बाँच ५६
१४. प्रतिभा ५७
१५. केवल तिमीलाई ६२
१६. विध्वस्तता ६३
१७. हामी को हौं ? ६६
१८. जोक्स ६६

विद्याको पगरी गुथौं

संजय ठकुरी
सातौं श्रेणी 'क'

घड़ीको टिक् टिक् ध्वनि सरी
खोलाको कल-कल नाद सरी
समयको रथ —— शनैः शनैः
हाम्रो घर ऑगन र गोरेटोबाट
घसिन्दै —— बामे सर्दै गइरहेछ।
ए मेरा प्यारा साथी-भाइ हो,
समयको लगाम हल्केलाबाट फुल्किन अघि
'म्याथ' 'सांइन्स' 'हिस्ट्री' 'इंगलिस' मा
मत-मत- श्रम पगालौं
ज्ञान-विज्ञानको संसारमा घुम्न
विद्याको पगरी गुथौं
विद्याको शिरपेंच 'सुमी' को नाम
जगतारा 'ध्रुवतारा' झैं चम्काउँ।
हामी माझमा नै छ 'गान्धी' 'नेहरु' 'ईश्वर' 'सर्वपल्ली'
हामी माझमा नै छ 'रूप' 'पारस' 'रामकृष्ण' 'लक्ष्मी'
हामी नै हौं देशको भावी कर्णधार
हामी नै हौं समाज र जातिको शिल्पीकार
यसर्थ आऊ साथी जात र धर्मको भेदभाव पर अफाली
यो पहाड़ी - पाखामा विशुद्ध पर्यावरण सृजना गरौं
यसर्थ आऊ साथी विद्याको कसिलो पगरी गुँथी,
'राम' 'महमद' 'बुद्ध' 'यीशु' 'नानक' को पावन भुमिमा,
प्रेम—— शांति—— सद्भावनाको नयाँ संसार निर्माण गरौं।।

लक्ष्मी प्रसाद देवकोटाज्यूको सम्झनामा .....

❑ कर्ण बहादुर क्षेत्री
बाह्रौं श्रेणी कला

स्व० लक्ष्मी प्रसाद देवकोटा नेपाली जगतमाझ एक अदभुत प्रतिभा हुन्! उनको जन्म बि० स० १९६५ सन् १९०८ को कार्तिक महिनामा काठमाडौंको दिल्ली बजारमा भएको हो ! उनले सानैदेखि कविताप्रति आफ्नो अमूल्य समयलाई प्रशस्त मात्रामा अर्पण गरेका हुन् भन्नु त्यति त्रुटि न होला। देवकोटाज्यूले आफ्नो पिताबाट यस्तो प्रेरणा अधिक मात्रामा पाएका हुन् ! उनको आर्थिक अवस्था राम्रा थिएन तर सानैदेखि उनको धेरै पढ़ने इच्छा भएको हुनाले पटना विश्वविद्यालयबाट बी० ए० बी० एल० समाप्त गर्नुभयो; अनि एम० ए०को निम्ति पनि धेरै अध्ययन गरिसकेका थिए। तर कतिपय कारणले गर्दा वहाँले पुरा गर्नु सक्नु भएन ! यसरी ज्ञानको निम्ति आफ्नो जीवनको अन्तसम्म लड़िरहे पनि उनी धनको निम्ति भने उत्ति मरिमेटेनन् ! आफ्नो अवस्था शोचनीय थियो । तर देशको प्रगतिकोकोनिम्ति बलिदान दिन पनि तयार रहन्थे। प्रगतिको बाटोतिर लम्कीदा लम्कन्दै राणाहरूको अत्याचारले उनले आफ्नो देशलाई त्यागेर भारतको बनारसमा आएर बसोबासो गर्न लागे। तर शोचनीय अवस्था अझ बड़ेकोले गर्दा उहाँ २००६ मा आफ्नै देश वापस जानु भयो ! देवकोटाज्यूले जीवनभरिनै आर्थिक संकटहरूको सामना गर्नु पऱ्यो। यसरी दु:खको झोलीभित्र रूमलिन्दै भएतापनि आफ्नो साहित्यलाई कहिले पनि त्यागेनन् !

नेपालमा राणा शासन्को अन्त भयो तर यसै बेला उनको छोराको पनि मृत्यु भयो । यसरी छोराको मृत्युपछि उनी बिक्षिप्त भए ! यस्तो शोकले गर्दा उनले सिग्रेटसित अत्यन्तै गहिरो सम्बन्ध गाँसेपश्चात अन्तमा उनलाई यही धुवाँले क्यान्सर भएर अन्तमा धुवाँसंगै स्वर्गवास हुनुभयो। २०१५ मा उनलाई क्यान्सर रोगले सतायो। यस रोगको उपचार उचित रूपमा हुननसकेको फलस्वरूप बि० सं० २०१६ भदौ २९ गतेको दिन् उहाँले हामीलाई धेरै टाढ़ा छोड़ी जानु भयो। आफ्नो जीवन रहँदासम्म उनले कविता मात्र लेखेनन् तर खण्डकाव्य, महाकाव्य, उपन्यास इत्यादि पनि लेखे।

खण्डकाव्यमा "मुनामदन" झ्याउरे छन्दमा लेखिएका छन् । उनले जति पनि आफ्नो कृतिहरू फिंजाए त्यसमध्ये खण्डकाव्य "मुनामदन" लाई प्रथम स्थान दिएर उहाँ स्वर्गवास हुनु भयो ! देवकोटाज्यू आफू यसरी दु:खै दु:खको अवस्थामा हुर्केको हुनाले

यस्तै एउटा दुःखको घटनालाई पहिलो स्थान दिएका हुन् भन्नु त्यति त्रुटि नहोला। देवकोटाज्यू यही खण्डकाव्यले विशेष कुना कुनासित परिचित छन्! यति मात्र होइन कविज्यूले एकै रातमा "कुञ्जिनी" लेखे, त्यसै दिनमा "सुलोचना" लेखेपछि तीन महीनामै "शकुन्तला" महाकाव्यहरु लेखे। यस्ता धेरै ग्रन्थहरु लेखेर देवकोटाज्यूले महाकविको पदवी प्राप्त गरे। देवकोटाज्यूको नाटकमा "सावित्री सत्यवान" अनि उपन्यासमा "चम्पा" धेरै उच्च स्तरमा रहेको पाइन्छ। उनले लेखेका खण्डकाव्यहरू धेरै छन्– बनकुसुम, मायाविनी सर्सी, सीताहरण, राजकुमार प्रभाकर, कुञ्जिनी, रावण जटायु युद्ध, कृषिवाला, कुनी, म्हेनु, मुनामदन इत्यादि हाम्रो माझ अत्यन्त प्रचलित छन्! तीमध्ये मुनामदन उनको सबैभन्दा उच्च खण्डकाव्य ठहरिन्छ। मुनामदन खण्डकाव्यलाई उनले किन प्रथम स्थान दिए ? अनि जब उनले अन्तिम दिनमा जुन अस्पतालमा भनेका थिए मेरो सबै कृतिहरु जलाए पनि हुन्छ, तर मुनामदनलाई नजलाइदिने आग्रह गरेका थिए! यो सबै अनमोल शब्दहरु उनले किन प्रयोग गरे? यहाँ धेरै कारणहरू छन् उनको जीवन सधैं दुःखै दुःखमा अल्मलिएको थियो, साथै मुनामदनको कहानी नै उनको आफ्नो कथासंग मेल भएको कारणले उनले मुनामदनलाई प्रथम स्थान दिएका हुन् भन्नु त्यती त्रुटि नहोला। सायद यस्तै दुःखभित्र रुमलिएर होला देवकोटाज्यू सुखलाई भन्दा बड़ी महानता दुःखलाई दिन्थे–

"हातको मैला, सुनको थैला, के गर्नु धनले,
साग र सिस्नु खाएको वेश आनन्दी मनले!!"

देवकोटाज्यू जातमा ब्राह्मण भएतापनि जात र पातको भेदभाव कहिले राख्दैन थिए–

"छेत्रीको छोरो यो पाउ छुन्छ, घिनले छुँदैन,
मान्छिस डूलो दिलले हुन्छ, जातले हुँदैन !!"

कुन मन्त्र गरी कुन जादु छरी
अँध्यारोदेखि उज्यालो तर्फ हिंड़ायौ।
कुन जादु रचि कुन मन्त्र लगाई
फेरि उज्यालोदेखि अँध्यारो तर्फ मोड़ायौ॥"

यस्तो पनि हुन्छ

म र मेरो पति एउटा धार्मिक सभामा भाग लिन पुग्दा त्यहाँ बस्ने ठाउँ एउटै थिएन। अभिन पनि कठिन थियो। हामीले देख्यौं कि एक दुइजना मान्छेहरू कुर्सी छाड़ेर बाहिरतिर लागे। केही क्षणसम्म उनीहरू नफर्कदाँ हामी त्यहीं गएर बस्यौं। हाम्रो छेवैमा बसेको पुरुषले ती कुर्सीहरू खाली छैन भने। तर मैले भनिदिएं "यदि यहाँ बसेकाहरू आइपुगे हामी कुर्सी खालि गरि दिइ हाल्ने छौं।" केहि क्षणपश्चात् हामीले एउटा प्रार्थना गायौं र प्रार्थनाको समाप्तीपछि पाद्रीले आदेश गर्दै प्रत्येकले उठेर आफ्नू छेउमा बसेका व्यक्तिलाई– "म तिमीलाई प्रेम गर्छु" भन्न लगाए। सबै उठे, हाम्रा छेउमा बसेका व्यक्ति पनि उठे र हामीतिर फर्केर भने "म तपाईहरूलाई प्रेम गर्छु तर अझ पनि भन्छु यो कुर्सी चैं खालि छैन।"

कसरी भुल्न सक्छु !

❑ सुकछिरिंग लेप्चा
बाह्रौं श्रेणी 'कृषि'

कसरी भुल्न सक्छु विगतका ती दिनहरूलाई,
कसरी भुल्न सक्छु माध्यमिक परिक्षा लेखेको।
कसरी भुल्न सक्छु परिक्षा सिद्धयाई घरमा बसी काम गरेको,
कसरी भुल्न सक्छु परिक्षाको फलाफल लिन आएको ।
कसरी भुल्न सक्छु परिक्षामा सफलता हासिल गरी हर्ष मनाएको,
कसरी भुल्न सक्छु एघारौं कक्षाकोनिम्ति सुमीमा भर्ना हुन आएको।
कसरी भुल्न सक्छु सुमीबाट बितेको बर्ष प्यारेड खेलेको,
कसरी भुल्न सक्छु प्रत्येक बिहान ध्यानपूर्वक प्रार्थना गरेको।
कसरी भुल्न सक्छु विभिन्न प्रकारको भजनहरू गाएको,
कसरी भुल्न सक्छु साथीहरुसित गफ्ठट्टा गरेको।
कसरी भुल्न सक्छु साथीहरु साथ बसेर हाँसखेल गरेको,
कसरी भुल्न सक्छु गुरुहरुको शिक्षापूर्ण वचनहरुलाई।
कसरी भुल्न सक्छु प्राक्टिकलको बेला अरबिन्दज्यूसंग बारीमा गएको,
कसरी भुल्न सक्छु बारी खनेर विभिन्न प्रकारको फूलहरु रोपेको।
कसरी भुल्न सक्छु अनिलज्यूद्वारा केश काट्ने आदेश दिएको,
कसरी भुल्न सक्छु फूस्रो पेन्ट, सेतो कमेज अनि पाङ्ग्रे टाईमा सुमीमा आएको।
अब बितेर गए ती रमाईला दिनहरु सदालाई,
कहिले नफर्कने तरंग भएर।
फेरि कहिले आउने होला मेरो जिन्दगीमा,
यी सबै आनन्दमय दिनहरु साथ लिएर।
अब त केवल आँशु र दुःख बाहेक,
केहि रहेन यो उजाड़ जिन्दगीमा।
यसर्थ ..... कहिले पनि भूल्न सक्दिनँ
विगतका ती घटनाहरुलाई ॥

मान्छे अनि पर्यावरण

❑ ललित थापा
बाह्रौं श्रेणी 'कृषि'



हिजआज पर्यावरण प्रदूषण अनि जनसंख्या वृद्धि सारा विश्वको एउटा गम्भीर समस्या भएको छ। यस विषयमाथि हामीले चिन्तन गर्ने समय आईपुगेको छ। प्रथमतः पर्यावरण प्रदूषणको धेरै कारणहरूमध्ये एक, जनसंख्या वृद्धि प्रमुख हो। हाम्रो भारतवर्षलाई हेरे जनसंख्या वृद्धि एक विशाल भूकम्प सरह भईरहेछ। प्रति मिनट ६० शिशुको नयाँ जीवनको सुत्रपात हुन्छ। अनुपातमा जनसंख्या वृद्धिलाई हेर्दा देशको भविष्य साह्रै अंध्यारो देखिन्छ। यसर्थ हामीले आउँदो भयानक दिनहरूलाई सम्झी जनसंख्या वृद्धिमा रोक लगाउनकोनिम्ति हामी प्रत्येक भारतवासी मिली-गम्भिर चिन्तन गर्नुपरेको छ।

हाल भारतवर्षको जनसंख्या ९० करोड़ पुगिसक्यो। यसरी हामी हरपल खतराको मुखमा धेरिन्दै गईरहेछौं। बढ़दो जनसंख्याको आवश्यकता पूरा गर्न कै निम्ति हाम्रो देशका बनजंगल बेहिसाब फाँड़िए, मासिए, नासिए, जसको फलस्वरूप आज हामी अर्को भयानक खतराको मुखमित्र परेका छौं, त्यो हो पर्यावरण प्रदूषण। वातावरणमा रहेको अक्सिजन अनि कार्बनडाईआक्साइडको सन्तुलन ढलपल भएको छ। यसको दुष्प्रभाव पृथ्वीमा भएका पेड़-पौधा औ समस्त प्राणी जगतमाथि परेको छ।

पृथ्वीलाई वरिपरिबाट पर्त्ता (Layer) हरूले घेरीराखेको छ। जसमध्येमा ओजोन लेयर (Ozone Layer) जुन वायुमण्डलको क्रमशः सबैभन्दा माथिल्लो भागमा अवस्थित छ। यसको मूख्य कार्य हो सूर्यकिरणमा भएका नानाथरीका रोगका किटाणुहरु नष्ट गर्नु, अर्थात सूर्यकिरणलाई निपावन वा फिलट्रेट (Filtrate) गर्नु हो। तर जंगलको कमीमा कार्बनडाइआक्साइड (Carbondioxcide) को मात्रा बेसी भएकोले त्यस लेयरलाई (Layer) फटाएर पृथ्वीको क्षमता दूर्बल गरिदिएकोले ठाउँ-ठाउँमा एसिड मिश्रण (Mixture of acid) पानी पर्नु, सेतो हिउँको सट्टा काले हिउँ बर्षनु एउटा पर्यावरण प्रदूषणको नतीजा हो। नयाँ-नयाँ रोगको उत्पन्न, अचानक मृत्यु अनि गर्भमा रहेको शिशुप्रति नराम्रो प्रभाव पर्नु यही प्रदूषण कै कारण हो।

हजारौं वर्ष अघि पृथ्वी हरियालीले भरिपूर्ण थियो । लगातार जनसंख्या वृद्धिकी आवश्यक्तामा ती सुन्दर वनजंगल फाड्दै गए । हामीलाई हरेक प्रकारका सुविधाहरू चाहिन्दै गए । हामीहरु जहाँ, जसरी पनि सुख उपभोग गर्न थाल्यौं । हाल वैज्ञानिक तकिनकीद्वारा आविष्कृत वस्तुहरू अझ बड़ी मात्रामा उपभोग गरीरहेछौं । तर यो सुख उपभोग गर्न पाइने समय बेसी छैन, किनकि हामी स्लो-पोइजन् का शिकार भईसकेका छौं, त्यो हो पर्यावरण प्रदूषण । हाम्रो यो ब्रह्माण्ड अब बिमारी भईसकेको छ । यो पृथ्वी रोगी भईसकेको छ । यसको उपचार गर्न अब जरूरी छ । आजे व्यवसाय तथा रोजगारको समस्या, बेकारीहरुको वृद्धि फलस्वरूप ड्रग्स तथा लागूपदार्थको सेवन, पागलपन, आत्महत्या जो हाम्रो आँखाअघि हरदम छन् यी सब जनसंख्या वृद्धिको परिणाम हुन । अब यस्तो समस्याहरूको मूल जरा नउखेलिए भोली यो पृथ्वी निर्जीव रहने छ । अब यसको समाधानको निमित्त हामीले के गर्ने ? कसरी गर्ने ? सोँच्ने समय आइपुगेको छ । तर सोँच्न मात्र होइन केही न केही अवश्य गर्न पर्ने समय आइपुगेको छ । हामी सबैले जाति धर्मको भेदभाव भुलेर, स्वार्थ र लोलच नहेरी एकजूट भएर काम गर्यौं भने सुल्झिन सक्छ । एकतामा बाँधिएर वृक्ष नष्टमा रोक लगाई त्यसको सट्टा वृक्षरोपन गर्न पर्छ । तर वृक्षरोपन केवल नेताहरूको मात्र कर्तव्य नसम्झेर सबै संस्था मिली अनि प्रत्येक व्यक्तिले घरका वरिपरि तथा बगान-बगैंचामा वृक्षरोपन गरे यो डरलाग्दो समस्या हामी आफै सुल्झाउन सक्ने छौं । फेरि एउटा नयाँ सुनौली पृथ्वीको सृष्टि गरेर स्वर्गको आनन्द उपभोग गरी मानव जीवन सार्थक गराउन सक्ने छौं ।

पर्यावरण प्रदूषण अनि जनसंख्या वृद्धिबाट वंचित रहनुमा ठूलो बुद्धिमता झल्कन्छ ।



'प्रेम' एक परिभाषा

❑ सुकछिरिंग लेप्चा
बाह्रौं श्रेणी 'कृषि'

प्रेम ईश्वरको एक वरदान हो,
जो मानिसले लिन सक्छ
साथै दिन पनि सक्छ ।
प्रेम सदा मानिसको हृदयांतरालमा
लुप्त भई बसेको हुन्छ
त्यसको प्रकट मानिसको
कार्यद्वारा मात्र प्रकाश हुन्छ।
प्रेमलाई न त किन्न सकिन्छ
न त त्यसलाई खोस्नै सकिन्छ
तर यसलाई दिएर लिन सकिन्छ।
मानिसले प्रेम सित्तैमा लिन सक्छ
अनि फेरि सित्तैमा दिन पनि सक्छ
प्रेमको महत्त्व प्रेमैले मात्र बुझ्दछ
प्रेम बिनाको मानिस दानव हुन्छ।
प्रेम एउटा नदी सरह हो
जो मानिसमा अविरल गतिले बग्दै बहँदछ
सदा बगेर प्रत्येकलाई तृप्त गराउँछ
हरेकलाई यसले जीवन दिन्छ।
प्रेम महको माधुर्य झैं छ
जसले सदा मानिसलाई मिठास दिन्छ
यसमा तितोपन्को अनुभवनै हुँदैन
प्रेममा धोकाको प्रवृति नै हुँदैन।
प्रेम दयाले भरिएको हुन्छ
यसले कुनै क्रोध जान्दैन
यसको प्रकाशमा कुनै डाह छैन
नत कुनै ईर्ष्या नै पाइन्छ।
प्रेमले कुनै एक मृत आत्मालाई
प्राण दिन सक्छ
तर यसले कुनै जीवनलाई
मृत्युमा पुऱ्याउँदैन।
यसले प्रेम नै ईश्वर हुन्
अनि ईश्वर नै प्रेम हुन्
प्रेमले मानिसलाई शान्ति दिन्छ
अशान्तिको परिभाषा यसले जान्दैन।
प्रेम सदा जीवित रहन्छ
यसको मृत्यु नै हुँदैन
यसले आफै बीएर अरूलाई जियाउँदछ
तर मरेर कसैलाई पार्दैन
प्रेम अविनाशी रहन्छ
विनाश योसंग जुध्ने आँउ गर्दैन।।

तिमी को हौ ?

'गुरू दिवस' को उपलक्ष्यमा मेरा गुरूहरूप्रति छोटो श्रद्धान्जलि समर्पण :

❑ रूद्र प्रसाद 'दीप'
बाह्रौं श्रेणी 'विज्ञान'

तिमी
चिर निद्रा भंग गर्ने सुन्दर बिहानी हौ,
यौवनको मुस्कान झैं अमूल्य रत्न हौ।
खँदिलो अस्तित्वको चिनारी दिने अटल हिमालय हौ,
जीवनमा हरियाली छाइदिने सुन्दर बसन्त हौ।

तिमी
स्वार्थहीन् प्रेमका खानी हौ,
परोपकारका भण्डार हौ।
योगदान र बलिदानका अथाह सागर हौ।
अंधेरी रातको उज्जवल दीप हौ।

तिमी
अजर, अमर ध्रुवतारा हौ,
फोहोरी तलाउमा प्रफुल्लित मनोरम कमल हौ।
जीवनका मार्ग दर्शक हौ,
भविष्य निर्माणका कर्मी हौ।

तिमी
मानवका प्राणवायु हौ,
नवप्रभातका आनन्दमयी किरण हौ।
२१औं शताब्दीलाई ठड्याउने आधार हौ,
ओंठमा मुस्कान छरिदिने तत्व हौ।

तिमी
कम्प्युटर युगको ढोका खोल्ने देदिप्यवान शक्ति हौ,
गिलो माटोको मनमोहक सामग्री बनाउने दक्ष कारिगर हौ।
पशुलाई मानव बनाउने आश्चर्यमय यन्त्र हौ,
भूत, वर्तमान र भविष्य देख्ने तेस्रो आँखा हौ।

तिमी
यो सृष्टि संचालन गर्ने सफल संचालक हौ,
कसैका निम्ति दासत्वलाई पनि स्वीकार्ने त्यागी महापुरूष हौ।
अत्यन्तै दुर्गम भेकमा उम्रने परिश्रमी सुनगाभा हौ
संसारिक यात्राका माइलस्टोन हौ।

अन्तमा तिमी
म, उ र तिनीहरूको जीवनदाता हौ
तरै पनि म किटान गर्न सक्दिन तिमी को हौ ?

मेरो यात्रा-ग्वालियर

❑ सचीन्द्र कुन्दास
सातौं श्रेणी

यात्रा भन्दा हामीले सोझै एक जग्गादेखि अर्को जग्गा पैदल या गाड़ीमा चड़ेर गरेको कुरा भनी सम्झन्छौं। यात्रा धेरै प्रकारले गरिन्छ जस्तै शैक्षिक विषय लिएर, धार्मिक इत्यादि विषय लिएर पनि यात्रा गरिन्छ।

गत शीतकालको विदामा मैले पनि मेरो परिवारसंग भ्रमण गर्ने अवसर पाएँ। टाढ़ा टाढ़ामा आफन्त हुनु पनि फायदा नै रहेछ। हाम्रो बड़ा बाबु (बाबाको दाज्यु)– ले हामीलाई कुनै हालतले पनि सबै परिवार उनीहरू बसेको जग्गा (ग्वालियर) मा आउने प्रस्ताव गर्नुभएको थियो। हाम्रो परिवारसंग हाम्रो बाजे बोज्यू (दार्जीलिंङमा हुनुहुन्छ) पनि जाने भए। यसरी यात्रा गर्ने मौका पाउँदा हामीलाई हुनसम्मको हर्ष लाग्यो। जाने दिनको कल्पना र रेलमा चड़ने इच्छाले त्यो दिन कहिले आउँछ भन्ने कौतुहलता जाग्यो। यसरी जाने पक्का हुँदा म त खुशीले पागल भएँ। मैले केही कुरा गर्दा पनि रेलमा चड़ने नाटक, माता पिताको बीचमा भएको कुरामा कान दिन थाले छु कि कतै उनीहरूले जाने सल्लाह स्थगित त राख्ने कुरा गरेको होइन भन्दै! कहिले काँही पिताज्यूले नजाने कुरा गर्दा मलाई हुनसम्मको रिस उठथ्यो।

यसरी बिस्तारै त्यो दिन पनि आइपुग्यो। आज जाने दिन। सबैलाई घरमा हतार छ। सबै सर-समान तयार गरेपछि हामी घरबाट बाहिरियौं। घरदेखि मोटर स्ट्याण्ड गयौं र बसमा चड़ी हामीले हाम्रो यात्रा शुरु गर्‍यौं। सिलिगुड़ीमा बिहान साड़े आठ बजी पुग्यौं। एकछिन् बिसाएपछि रिक्सामा चढ़ी न्यूजलपाइगुड़ी रेल स्टेशन गयौं जहाँबाट हाम्रो रेल यात्रा शुरु हुने थियो। दिनको एघाह्र बजी रेल यात्रा शुरु भयो। बिस्तारै रेलको चक्काहरु घुम्न थालेपछि मलाई नाँच्नु मन लाग्यो किनकि यो मेरो ठूलो रेलको पहिलो यात्रा थियो।

यसरी एउटा स्टेशनदेखि अर्को स्टेशन हुँदै हामी कानपुर सेन्ट्रल रेलवे स्टेशन पुग्यौं जहाँ हाम्रो बड़ा-बड़ी स्वागतको निम्ति आउन भएका थिए। कानपूर स्टेशनमा बेलुकीको प्रायः ६ बजी पुगेको थियौं ग्वालियर जाने रेल गइसकेको रहेछ।

यसर्थ पहिले झाँसी जान पर्‍यो। जसपछि अर्को रेलमा चड़ी विहानको प्रायः पाँच बजी ग्वालियर पुग्यौं। भारतको एउटा ऐतिहासिक स्थल। दुइ चार दिनको थकाइले हामी थकित भइसकेका थियौं र आराम गर्‍यौं। शरीर ताजा भएपछि हामी ती स्थलहरू हेर्नु शुरु गर्‍यौं।

सर्वप्रथम राजा मान सिंहको किल्ला हेर्यौं यो एउटा अचम्भको किल्ला रहेछ। यसको लम्बाई झण्डै तीन किलोमिटर छ। यस किल्लाभित्र अहिले महाराज सिन्धियाले बनाएको सिन्धिया स्कूल छ। जसलाई १९८९-९०तिर दिल्ली दूरदर्शनबाट प्रसारित "नीव" धारावाहिकमा दर्शाएको छ। अग्लो जग्गामा बनिएको यो किल्लाको निर्माण यस समयको कारिगरहरूले कसरी बनायो हाम्रो कल्पनादेखि बाहिरको कुरा हुन्छ। यसरी नै ग्वालियरको अन्य हेर्ने लायकको कुराहरूमा लुगा फेक्टरी, बिस्कुट फेक्टरी, तेल फेक्टरी सबै हेर्यौं। ती जग्गाहरु हेर्दा यहाँ सौन्दर्यले परिपूर्ण भए तापनि उद्योग धन्धा विषय हामी पछाडिएका छौं। त्यहाँ सबैले केही न केही काम गरिनै रहेको देखें। बजारहरू पनि ठूला रहेछन्।

ग्वालियरको भ्रमण सकेपछि हामी सोझै दिल्ली तर्फ लाग्यौं। जहाँ हाम्रो फुफू बस्नु हुन्छ।

ग्वालियरदेखि दिल्ली जाँदा बाटोमा चम्बल घाटी पर्दो रहेछ, जो एउटा कुख्यात जग्गा हो। डाकुहरु बस्ने रहेछ जसको सरदारनीको नाउँ फूलन देवी हो। त्यस जग्गामा पुग्दा सबै यात्रीहरुलाई भित्रबाट एक प्रकारको डर लाग्दो रहेछ। साथै त्यो जग्गाको दृष्य पनि डरलाग्दो रहेछ।

त्यसपछि हामी आग्रा पुग्यौं। अर्को ऐतिहासिक स्थल। शाहजहाँले आफ्नी पत्नी मुमताजको स्मृतिमा संगमरमरले बनाएको ताजमहल। यसको बनावट अचम्भको रहेछ। सायद फेरि फेरि यस्तो भवन बनिन सक्दैन। ताजमहल के हो साक्षात दर्शन पायौं।

आग्रादेखि हामी दिल्ली पुग्यौं। दिल्लीको भ्रमणमा हामीले सर्वप्रथम लाल किल्ला हेर्नु गयौं। यो चाँदनी चौकको ठीक अगिल्तिर पर्छ। प्रवेश द्वारमा टिकट काटी भित्र गयौं। भित्रको दृष्य अचम्भको रहेछ। यहाँ विभिन्न देशबाट पनि मानिसहरु आएका थिए। महाराज अकबरले पनि शासन गरेका रहेछन्। जसको भित्र अनेकौं सैकड़ौं वर्ष अघिका वस्तुहरू पनि घुम्नु आउने मानिसहरूको दर्शनको निम्ति राखिएका छन्।

त्यहाँबाट हामी जामा मस्जिद गयौं। यो इस्लामी धर्मका मानिसहरूका पूजा स्थल हुन्।

यसैको छेउको चाँदनी चौकमा सस्तो दाममा सबै प्रकारको चीजहरू पाँइदो रहेछ।

राजघाटमा सक्रिय पिता महात्मा गाँधीको समाधि बनाएको छ।

जन्तर-मन्तर यो अहिले समय जान्नलाई यसको निर्माण गरिएको रहेछ। अहिले यसको उपयोग गरिदैन तरै पनि हेर्नमा यसको बनावट सुन्दर छ। कुतुबमिनार यो धेरै अग्लो रहेछ। भनिन्छ यसलाई ठीक तलतिरबाट हेर्नु परे, ढाडको शिरको टोपी झर्छ अरे।

यसरी नै अक्षरधाम, चिड़ियाघर, इण्डिया गेट, राष्ट्रपति भवन, संसद भवन इत्यादि स्थलहरुको आनन्द लियौं। यसरी हाम्रो बिस्तारै-बिस्तारै समय सकिदै गयो। मन रुन थाल्यो, फर्कने दिनहरु नजीक आयो। बिहान पाँच बजीतिर हामी न्यूदिल्ली स्टेशनबाट बड़ा-बड़ी उनीहरूका परिवार, फुफू सबैसंग विदा लियौं। यस बीच त्यहाँ रुवा-बासी भयो।

यो यात्राले सबैभन्दा बेसी ज्ञान मलाई जग्गा-जग्गामा कुन-कुन जाति छन्, उनीहरूको रहन-सहन, बोली चाली आदि कस्ता छन् – त्यो छर्लङ्ग पारिदियो।

यसरी नै म मेरा साथीहरूलाई पनि सुयोग पाए भ्रमण गरून भन्ने सुझाव गर्दछु।

❑ अजय दुलाल
सातौं श्रेणी 'सी'

मेरो प्यारो यात्रा बंगलोरको थियो । १९९० सालमा हामी सबै परिवार बंगलोर गएका थियौं । तीन दिनको रेल यात्रापछि हामी वहाँ पुग्यौं । हामीलाई लिन काका रेलवे स्टेशनमा आउनु भएको थियो । हामी सबै काकाको घरमा १५ दिन बस्यौं ।

यो भारतको एउटा प्रसिद्ध शहर हो । त्यस दिन हामी त्यहाँ ३ बजे आइपुगेका थियौं । भोलिपल्टदेखि हामीलाई काका - काकीले घुमाउन लैजानु भयो । हामी मैसुर राजाको महल , बृन्दावन गार्डन, साई बाबाको मन्दिर ह्वाइट फिल्ड, लाल बाग, डियर पार्क, टिपु सुल्तानको मकवरा अनि तिनको माता-पिताको मकवरा ई० भ्रमण गर्यौं । फेरि वैष्णव देवीको मन्दिर, चर्च, हाईकोर्ट भवन पनि गर्यौं । त्यहाँको सबैभन्दा अग्लो विल्डिंग ४० तल्लाको रहेछ । शहरमा एउटा स्थानमा बैजयन्तीमालाको नर्तक हल पनि थियो, त्यँहानेर हामीले फोटो पनि खिच्यौं । त्यहाँको शहरमा बेसी जस्तो कन्नड़, तेलगु र तामिल मानिसहरू थिए । उनीहरुको भाषा हामीलाई बुझ्न अठेरो । त्यहाँ धेरै मात्रामा नरियल, काजू बदाम, अंगुर, छोकड़ा ई० पाइँदो रहेछ । खाना चैं इडली, दोसा, साम्बर, उपमा ई० खांदो रहेछन् ।

त्यहाँबाट १५ दिन बसेर हामी कलकत्ता भएर आफ्नू घर फर्केर आयौं । यात्रा गर्दा धेरै प्रकारको ज्ञान पाइन्छ । यति नै हो मेरो प्यारो यात्राको वर्णन ।।

मेरो यात्रा - नेपाल

❑ युवराज थापा
सातौं श्रेणी 'ग'

यात्रा धेरै किसिमका हुन्छन्, जस्तै पैदल यात्रा, बस यात्रा, रेल यात्रा, हवाई यात्रा, समुद्र यात्रा र मेरो यात्रा थियो बस गाड़ीको यात्रा।

यात्रा गर्नाले धेरै प्रकारको ज्ञान पाइन्छ, बुद्धी बड़दछ र हामीहरूले धेरै असल चीज र धेरै काममा आउने कतिवटा किताबहरूमा नपाइने अमूल्य जानकारीहरू पाउँदछौं। हामीहरूले यात्रा गरेको छौं भने हामीहरुलाई धेरै विषयमा सजिलो हुनजान्छ।

हामीहरु सबै परिवार जाड़ो महीनाको छुट्टीमा घुम्न भनी नेपाल तर्फ लाग्यौं। मेरो परीक्षा पनि समाप्त भएर हामीहरू सब परिवार काठमाण्डौतिर जाड़ो महिना पनि बिताउने गरी लाग्यों। हाम्रो प्रोग्राम चाहिं जाड़ो महीनाको बिदाइको थियो।

हाम्रो प्रोग्राम अनुसार हामीहरू सब परिवार १९९३ को दिसम्बर २० तारिकको दिन घरबाट बिहानै निस्कियौं र हिमालश्री नाम भएको बसमा चढ़ी यात्रा शुरु गर्यौं। बिस्तारै-२ बस ७ माईलतिर बढ़न थाल्यो अनि खिड़की वरि-परिका सिक्किमतर्फका डाँड़ा-काँड़ा र रूखपात अनि अन्य मसीना-२ कोमल रूखपात हेर्न मस्त भएँ र हामीहरू टिस्टामा पुगी बसबाट पूल तर्फ बढ़न लाग्यौं र हामी फेरि खिड़कीबाट चरा-चुरुंगीलाई हेर्दै र बाँदर अनि माछा खाने चरालाई देख्यौं र हामीहरू यसरीनै बाघ पूललाई छाड़िरहेको थियौं मेरो आँखा कत्ताबाट खोलातिर पऱ्यो। मैले त्यहाँ एउटा डुंगा चलिरहेको र रेल आइरहेको देखें। यसरीनै हामीहरू सिलीगड़ीको बस स्टयाण्डमा पुग्यौं र सबै यात्रीहरू ओर्लिन लागे। हामीहरू एउटा होटलमा गई समान त्यहाँ राखी घुम्न भनी सिलगड़ी बजारतर्फ लाग्यौं। त्यसपछि सिलगड़ीबाट सोझै काकरीभिट्टातर्फको यात्रा शुरु भयो। काकरीभिट्टा जाँदा बाटामा कोही चियापत्ती टिप्दै थिए भने कोही चैं दवाई-पानी लाउनमा मस्त भएका थिए। त्यसपछि हामी मेची तरी काकरीभिट्टा पुग्यौं। हामीहरुले बाबालाई सोध्यौं "बाबा यो कुन पूल हो ?" बाबाले बताउनु भयो की यो मेची पुल हो र यसलाई नेपाल र भारतको सिमाना पनि भनिन्छ भन्नु भयो र हामीहरु चेक पोस्टमा गयौं। यहाँ लुगा फाटालाई दुई तीन् पल्ट चेक गरी छोड़ी दियो र तीनजना प्रहरीहरु एकजना कस्टम अफिसर हुनुहुँदो रहेछ। अनि सबै जना एउटा होटलमा गएर खाना-पिना खाई त्यहाँ केही वेरसम्म बस्यौं त्यो होटल चैं गुरुङको रहेछ। त्यहाँबाट

पैसा साट्नकोलागि ब्यांकमा गएर पैसा साटी गाड़ीको बन्दोबस्त गर्न भनी फेरि त्यही होटलमा आई गाड़ीको टिकट काट्न थाल्यौं। हाम्रो बसको समय रहेछ बेलुकीको ५.३० मा र गाड़ीको नाम रहेछ सिद्धार्थ याता-यात । अनि फेरि हाम्रो र अन्य यात्रीहरूको यात्रा शुरु भयो ।आकाश सफा थियो र जुन लागिरहेको थियो। पशुपती हुँदै हाम्रो गाड़ी दमकमा आएर एकै छिन्को लागि रोकियो र फेरि हाम्रो गाड़ी लाहान भन्ने ठाँउमा पुग्यो। एउटा होटलको अगाड़ि गाड़ी रोकिदियो। अनि यात्रीहरू र हामीहरू त्यस होटलमा गएर खाना खाएर फेरि काठमाण्डौंतर्फ लाग्यौं। हामीहरू रातिको २ बजेर २२ मिनेट जॉदा हिटौंड़ामा पुग्यौं र हामीहरू त्यस गाड़ीबाट ओर्ली घरतिर लाग्यौं। घरमा पुगी निन्द्राले साह्रो भई रहेकोले हामीहरू एकैछिन्कोलागि सुत्यौं र भोली बिहान हामीहरू घुम्नकोलागि घरबाट निस्क्यौं। सिमेन्ट फैक्ट्री, रबर फ्रैक्ट्री, मुंगा फेक्ट्री र माछा लाने केन्द्र घुम्न गयौं। रातको आठ (८) बजी हाम्रीहरू घरतिर लाग्यौं। फेरी भोलीपल्ट बिरगंजतर्फ लाग्यौं र त्यहाँ मन्दिर, घोड़ा गाड़ीहरू पनि देख्यौं। मलाई नेपालको भाषा अफठ्यारो लाग्यो। जस्तै –

ड्राईबरलाई = गूरुजी, मेस्कललाई = गुच्छा, गुड़ीलाई = चड्डा, दैलोलाई = ढोका, खिड़कीलाई = झ्याल, चाबीलाई = सांचो, लुगालाई = कपड़ा इत्यादि। यस्तै रहेछ नेपालको बोली-चाली।

अनि अन्तमा मैले लेख्नु अथवा भन्नु भूल गरेकोमा मेरो सबै गूरूजन र मेरो अन्य साथी-सङ्गी र दाजु भाइहरूलाई यो मेरो दस औंला जोड़ी क्षमा चाहन्छु।

मेरो यात्रा - कलकत्ता

❑ अभिक दास
सातौं श्रेणी 'सी'

मानिस धेरै इच्छाले बाँधिएको प्राणी हो। कसैलाई केही इच्छा लाग्छ भने कसैलाई अर्कै। यस मध्ये यात्रा एउटा एकदमै उच्च अनि महान इच्छा हो। यस्तो यात्रा धेरै प्रकारका हुन्छन्। कोही पैदल यात्रा, कोही मोटर यात्रा, कोही रेल यात्रा भने कोही हवाई यात्रा।

हाम्रो पारिवारीक इच्छा अनुसार हाम्रो रिजल्ट पश्चात कलकत्ता यात्रामा जाने हाम्रो घरको सलाह धेरै दिन पहिला देखिको हो। यसरी रिजल्ट पाएको तीन दिनपछि २२ दिसम्बर ९३ को दिन प्रायः नौ बजीतिर हाम्रो यात्रा शुरु भयो। म त साहै हर्षले गद्‌गद् थिएँ। प्राय साढ़े नौ बजीतिर हामी टिस्टा पुगेर बाबाले सुन्तला किन्नु भयो। हामी आमा, बाबा, भाइ र म चारजना औधी हँसिलो मुहार बोकेर साढ़े एघार बजीतिर सिलिगड़ी पुग्यौं। सिलिगड़ीमा मेरो छेमा-काका हुनुहुन्छ त्यो दिन हामी एक रातको निम्ति त्यहीं बास बस्यौं। राति काकाले हामीलाई बजार घुमाउनु लैजानु भयो। मलाई साहै अचम्भ लाग्यो सिलिगड़ीमा त राती हाट लाग्दो रहेछ म छक्क परेर काकालाई सोधेको उतातिर त दिउँसो गरम हुन्छ अरे अनि बेलुकाको शीतल हावामा सबै सौदापात गर्दो रहेछन्। माछावालहरूको ताना-तान माछा बेचाइ देखेर म त दङ्ग परें त्यसैले त बेला-बेला हाम्री काकी "साला माछा बेचुवा बेहोरा भएको" भनेर गाली गर्नु हुँदो रहेछ।

प्रायः एक रात एक दिन सिलिगड़ी बसेर २२ दिसम्बर ९३ को दिन ५.३० को रेलमा दुई महीना अघि रिजर्वेशन गरेको सीटमा गएर बस्यौं। यसरी हाम्रो रेल यात्रा पनि शुरू भयो। रातभरि रेल आफ्नै रफ्तार बोकेर कुँ — छुक् — छक् — छुक् — छुक् गर्दै कुदिनैरह्यो। पहिलो पटक रेलमा चढ़ेको मलाई त स्वर्ग गएको जस्तो पो लाग्यो। आमा र बाबा त भुसुक्क निदाउनु भयो तर म र भाइ निदाएनौं। भाइलाई पनि औधी हँसिलो छुलबुले भावमा देखिन्थ्यो। मध्यरातको अन्ध्यारोलाई चिर्दै रेल बगिरहेको थियो। अर्कोपट्टि पनि दार्जीलिङ्गको हामी जस्तै यात्रीहरू पुरी यात्रा गर्न जांदै थिए। तिनीहरूको एक जना छोरा रहेछ। उ पनि हामी जस्तै अचम्भित थियो। प्राय साढे बाह्रतिर मैले उसलाई "हेलो" भनेर बोलाएँ। उ पनि फर्स्याइलो रहेछ। अनि हेलो भनि हाल्यो। मैले कहाँबाट आएको कहाँ गएको, नाम, स्कूल, श्रेणी इत्यादि सोधें र सबै उसले बतायो र

उसरी नै मलाई पनि सोध्यो मैले उसले सोधेको भन्दा ज्यादा बताएँ । यसरी जाँदै गर्दा हामी बिहानपख एउटा औधी लामो र सुन्दर पुलमा पुग्यौं। मैले हतार हतार बाबालाई बोलाएर पुलको विषयमा सोधें। बाबाले फरक्का पुल भन्नुभयो । यसको विषयमा अलि-अलि पढ़ेको पनि थिएँ सुनेको पनि थिएँ । त्यसको विषयमा बुझ्न साह्रो परेन ।

यसरी बढ़दै हामी कलकत्ता पुग्यौं त्यहाँबाट हामी हाम्रो काकाको घर भवानिपुरमा गयौं। हामीलाई देखेर काका काकी र भाइ औधी खुशी भए र त्यो दिन हामी थाकेको हुनाले सुतिहाल्यौं। भोलीपल्ट प्रायः आठ, नौ बजीदेखि हाम्रो कलकता हेर्ने त्रयकका कुरा हेर्न गयौं । मेरो लागि त त्यहाँको हरेक चीज हेर्न लायककै थियो । यसरी अठाह्र दिन कलकता बस्दा हामी भिक्टोरीया, चिड़ियाखाना, पार्क, झिलिमिलीपार्क, तारामण्डल, म्युजियम, जादुघर, हुचड़ापुल, वाटर डान्स, कालिघाट इत्यादिसम्म पुग्न सक्यौं । दिघाको समुन्द्री दृष्य र अलिपुरको चिड़िया-खानाले मेरो मनै लगिदियो ।

कलकत्ताको सबै बोलचाल बंगला रहेछ । कसै कसैले अंग्रेजी बोल्दा रहेछन् तर यहाँको जस्तो सफा अंग्रेजी कसैले पनि बोलेको सुनिन, सबै बंगला मिसाएर बंगाली लवाजमा बोल्दा रहेछन् । त्यहाँ वसुन्जेल हामीले धेरै नेपालीहरूलाई भेटेर बात गर्यौं । कोही दार्जिलिंगका, कोही नेपाल र आसामका नेपालीसित हाम्रो बोल-चाल भयो ।

यसरी यात्रा गर्दै हामी १२ ता० जनवरी ९४ को दिन फेरि कालिम्पोङको सुन्दर वातावरण पहाड़ी बोलीचाली पहाड़ी चालामाला र आफ्नोपनाको सौन्दर्यलाई अंगाल्न आई पुग्यौं । यो यात्राद्वारा मैले जान्न सकें अर्काको गाउँ र त्यहाँको वातावरण जतिकै राम्रो भए पनि आफ्नो गाउँको चिसो पानी, चोखो मुस्कान नै आनन्दित हुँदो रहेछ ।।

❁ मेरो पत्र तपाईंअघि ❁

❑ बिनेश गुरुङ्ग
एघारौं श्रेणी 'कृषि'

उमेरका पाताहरू पल्टिएर
म त कहाँ पुगेछु
तीव्र वतासको अविरल कठोर झोंकाले
न त यहाँ/ न त त्यहाँ
अस्थिर छु / अधिकारहीन् छु,
कुन्चैं कुना, कुन्चैं मुना
एउटै हौं, जबरजस्तीभित्र आफैंलाई राख्न परेकोछु
कुबाटो र सुबाटोको मझधारमा
दोधारैको सुश्या काटन परेकोछु
सूर्यको प्रकाश, चन्द्रमाको ज्योति
ब्यर्थताको आँगनमा झुल्किएको देख्छु
त्यो कुना / त्यो मुना
नुतन किरण पाउँनै पर्ने अनुरोधमा/आशामा/प्रतीक्षामः
निम्सासिएको अनि कचल्टिएको देख्छु
यहाँ –
कति तुच्छ/कति महान्
दरिद्रता/कति अमीरता
तँ त तँ नै हु/हजूर त हजूर नै हवस्
यस्तै कठोरता/निष्ठुरता प्रहार गर्छ
कोमलताको छात्तिमा,
यस्तै के राखुँ पत्र तपाईंअघि
तित्तै छ/अमिठास छ – अवस्थाका शब्दहरू
शायद मुखमात्र होइन मुहार पनि तित्तै हुन्छ होला
अवहेलनाको साटो सहराको बाग फुलाउनु हुन्छ होला
मुस्काईको साटो आँशुको मुहान फुटाउनु हुन्छ होला
भो तपाईंलाई आफ्नै साईनोले पोतेर
यो पत्र/यो गुनासो अनि यो शब्दहरू असमानताको ।

वास्तविक जीवनको अनुभव

❑ रबिन गुरुङ्ग
भूतपूर्व छात्र

परिस्थिति र बाध्यताहरूले
बाँधिएको सीमित परिधिभित्र,
मैले सुस्ताएका प्रत्येक नींदहरू,
बिहानी नभई बिउझिएपछि,
पराजीत भई निस्केको खेलाड़ी झैं
चराहरूलाई संगालेर,
यथावत् हिंड़िरहन्छ /वास्तविक जीवनको कटु अनुभव गर्दै,
नाना रकमको प्रमाण पत्रसितै / डिग्रीको प्रमाण पत्र
छातिमा झुण्डाएर।
आज फेरि
उभिन पुग्छु / जीवन निर्माणको ढोकामा
परन्तु / असफलता शब्दको झटारो पाएपछि
प्रश्न / प्रश्न का / जुलुस टाउकोभरि लिएर
लक्ष्यविहिन बोझिल पाईला सारिदिन्छ अनायसै
तरै पनि आफू स्वयंलाई शान्तवनाको 'प्रतिमूर्ति बनाई'
टिठलाग्दो दृष्टि दौड़ाउँछु प्रमाण-पत्रमाथि सरसर्ती
फेरि तितो अनुभव गर्छु :
प्रमाण पत्रले पनि तिरस्कार गरे झैं,
अनि थुप्रै शंका / उपशंकासितै
स्वयंलाई प्रश्न गर्छु:
मेरो सक्षमता / मेरो क्षमता / अनि मेरो बुद्धि विकासमाथि,
अनि फेरि घोरिन विवश हुन्छ:
मैले अर्जित गरेको मेरो प्रमाण पत्रको गहनतामाथि
कालान्तरमा गहकिलो निष्कर्ष निकाल्छु
मेरो प्रमाण पत्रको खोक्रेपना / मात्र नभएर
अनि आलो यादहरू आउँछ परीक्षाको हलहरूमा
स्वयंलाई धोका दिएर, उत्तर पत्र कोरेको
योगायोगपूर्ण भविष्यको नजर अन्दाज नगरी
वर्तमानलाई मात्र / केवल जिन्दगी संभाली,
मानवतावादलाई केही पर फाली
हिप्पीवाद थ्योरीहरूको सजिलै अनुशरण गरी
क्षणिक मौजमस्तीमा बिताएको कालहरूको
तितो / कटु अनुभव गर्दा नगर्दै
जीवन नाटक / बितिसक्छ
यसैले पछितोपूर्ण घड़ीहरूसितै
पराजित र हरेश शब्दलाई / मानसपटमा सजिलै नउतारी
बाध्यता / बाध्यपूर्ण / जीवनको नुनिलो अनुभवहरू
बटुलिरहेछु / दिउँसै प्रायः 'रतन्धो' बनी।

तिमी बाँच !

❑ बलेश्वर
कक्षा - दस 'कृषि'

मानव हौ तिमी, मानव भई बाँच ।
आँशुमा होइन, हाँसोमा बाँच ।
हारेर होइन, जितेर बाँच ।
स्वार्थमा होइन, निस्वार्थमा बाँच ।

★ ★

अँध्यारोमा होइन, उज्यालोमा बाँच,
हराएर होइन, पाएर बाँच,
विफलतामा होइन, सफलतामा बाँच,
पीड़ामा होइन, गाएर बाँच !

★ ★

शत्रुतामा होइन, मित्रतामा बाँच,
बिछोड़मा होइन, मिलनमा बाँच,
निराशामा होइन, आशामा बाँच,
भत्काएर होइन, बनाएर बाँच ।

★ ★

रूवाएर होइन, हँसाएर बाँच,
बेईज्जतीमा होइन, ईज्जतमा बाँच,
अभावमा होइन, पूर्णतामा बाँच,
कमजोर भएर होइन, बलियो भई बाँच ।

★ ★

क्रोधी भएर होइन, प्रेमिका भई बाँच,
कातर भएर होइन, साहसी भई बाँच,
क्षणभर मात्र होइन, अमर भई बाँच,
भ्रमजालमा होइन, वास्तविकतामा बाँच ।

★ ★

एक्लै होइन, समाजमा बाँच,
समाजमा मात्र होइन, संसारमा बाँच,
आफू मात्र होइन, अरूको निम्ति पनि बाँच,
फेरि अरूको निम्ति मात्र पनि होइन,
सारा मानवको निम्ति बाँच,
यसरी तिमी, आफू, अरू, समाज, देश
अनि सारा मानवको निम्ति बाँच ।

●●●

SOJOURN OF MODERATOR IN S. U. M. I KALIMPONG
Moderator of C N I , The Most Rt. Rev Anand Chandulall
"SOWING THE SEEDS"

The Deputy Moderator C.N I , The most Rt. Rev. D K Mohanty
... the visit of the Moderator at S.U M.I. Precedes

प्रतिभा

❑ रूद्र प्रसाद आचार्य
बाह्रौं श्रेणी 'विज्ञान'

एउटा रमाइलो बेंसी हरियालीमा मुस्कुराइरहेको छ । थुप्रो थुप्रो घरहरू आफ्नो काखमा राखेर मानौं उक्त बेंसी मुस्कान छोडिरहेछ । कहीं- कहीं फाट्टफुट्ट ठूला-ठूला घरहरू बेफाटमा बेंसीको दृष्यलाई नै उक्मक्याउँदैं, स-साना घरहरूको रमाइलो दृष्यरूपी तारमा बगेको समानताको करेन्ट छिनाल्दै मै हुँ भने जसो गरी ठड़िएका छन् ।

त्यो बेंसी बर्षौदेखि पछाड़िएको छ । त्यहाँ शिक्षा र ज्ञानको दियालो जल्न बाँकी नै छ। त्यो बेंसीमा बल्ल मिरमिरे बिहान हुने चेष्टा देखिन्थ्यो । तर दुर्भाग्यवस त्यो मौका उक्त बेंसीले गुमायो । मन्नुको तात्पर्य त्यहाँ भर्खर स्कूल बनाउने योजना बनाइएको थियो तर जनसाधारणलाई अन्याय र भ्रष्टाचारको जाँतो मा पिधी सातु बनाउन पल्केका केही स्वार्थी महाजनहरूले ह्याकुलाले मिचेरै टाढ़ा सारिदिए । अझ निस्पट्ट अन्धकारले बेंसीलाई ढाक्यो । अलि हुनेखानेले त आफ्ना केटाकेटीलाई टाढ़ाको स्कूलमा भए पनि पठाए तर गरीब गुरूवाको केही जोर चलेन । कामको व्यस्तताले गौंजेका अनि हातमुख जोर्ने समस्याले पिरोलिरहेका साधारण जनताले त आफ्ना केटाकेटी पढाउने कुरा नसोचे पनि हुन्थ्यो ।

त्यो बेंसीमा महावीर भन्ने महाजन निकै चल्तीमा आएको छ । उसको नाम भनिनसक्दा सोझासाधाहरू थरथर कॉपिहाल्छन् । हुन पनि उ कठोर छ । सोझासाधालाई हप्काएर अरूलाई ढॉट्न तालीम प्राप्त छ । गाउँ घरमा दिनपरदिन बढ्दै गइरहेका बालकहरूको भविष्य विथोल्न साहसी छ । प्रशासन नै ऊ भने पनि हुन्छ । कसैलाई कुट्दा-मार्दा पनि उ माथि केही लाग्दैन । लाटाको देशमा गौंडा तल्नेरी भने झैं उसले त्यो गाउँमा निकै पुरुषार्थ कमाएको छ । उ विचित्रको पुरूषार्थमा प्रसिद्ध छ । उ गाउँमा बढिरहेका तामारूपी बालकहरूको भविष्य निमोठ्न निकै अग्रीम छ । गाउँहरूका सोझासाधा जनतालाई झुक्याएर आफ्नो पेट भरी आफू मोटाएर अरूको रगत जुकाले झैं चुसेर रक्तम्मेहीन-पारी गाउँ भड्याउन महावीर र उसका पुच्छरहरू निकै प्रचलित छन् । कतिपय त महावीरकै पछि लागेर निकै धनदौलत कमाएका छन् । सबैले बलेकै आगो त ताप्छन् । सबै महावीरकै पछि नलागे सुखै पाउँदैनथे । महावीरको जस्तै वचनलाई शिरोपर नगरे उनीहरूको जीवनको संभावना नै थिएन । तर उनीहरूलाई थाहा थिएन कि उनीहरू जिउँदै पोलेका चितामा जलेको । उनीहरूलाई

